# स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.

## Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्रप्राप्त संस्था (प्रादेशिक स्तर कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालयः** तिलोत्तमा-५, रुपन्देही

## पांचौ वार्षिक साधारणसभाको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०८/१५ गते**

श्री शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको मिति २०७८।०८।१४ मा बसेको संचालक समतिको निर्णयानुसार संस्थाको पांचौ वार्षिक साधारण सभा निम्नलिखित प्रस्तावहरु उपर छलफल गर्नको लागि तल उल्लेखित संचालन विधि अनुसार संचालन हुने भएकोले कम्पनी ऐन २०६३, को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

**मिति** : २०७८।०९।०८ गते बिहिबार, तदनुसार २३ डिसेम्बर, २०२१

**समय** : अपरान्ह १:०० बजे

**स्थान** : अनलाइन (Zoom Cloud Meeting) को माध्यमबाट भर्च्युअल रुपमा ।

**निर्वाचन** : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, तिलोत्तमा ५, रुपन्देही (दिनको ३.०० बजे देखि)

**संचालन विधि** : साधारण सभा अनलाइन (Zoom Cloud Meeting) को माध्यमबाट भर्च्युअल रुपमा र निर्वाचन भौतिक रुपमा संचालन हुने ।

(कोभिड-१९ को संक्रमण हुन सक्ने जोखिम हालसम्म पनि कायमै रहेको हुदा सुरक्षा सम्बन्धी मापदण्डको परिपालन गर्दै साधारण सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिले गर्दा साधारण सभामा अनलाइन (Zoom Cloud Meeting) को माध्यमबाट भर्च्युअल रुपमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई Meeting ID/ Password उपलब्ध गराइने तथा वित्तीय संस्थाको अफिसियल Website मा समेत राखिएको छ ।)

**छलफलको विषय सूची** :

**क. सामान्य प्रस्तावः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्युबाट प्रस्तुत हुने आर्थिक बर्ष २०७७/०७८ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०७८, आषाढ मसान्तको वासलात, आ.व. २०७७/०७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

(३) आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) आ.व. २०७७/०७८ सम्मको कुल संचित वितरण योग्य मुनाफाबाट संस्थाको चुक्ता पूँजीको १.७० प्रतिशतले हुन आउने रकम रु.१५,६४,८५०/- (पन्ध्र लाख चौंसठ्ठी हजार आठ सय पचास मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनको लागि) बितरण गर्न स्वीकृत गर्ने ।

(५) संचालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन गर्ने ।

(६) रिक्त संचालक पदमा भएको मनोनयनको अनुमोदन गर्ने बारे ।

**ख. बिशेष प्रस्तावः**

((१) आ.व. २०७७/०७८ सम्मको कुल संचित वितरण योग्य मुनाफाबाट संस्थाको चुक्ता पूँजीको ३२.३० प्रतिशतले हुन आउने रकम रु.२,९७,३२,१५०/- (दुई करोड सन्तानब्बे लाख बत्तीस हजार एक सय पचास मात्र) बराबरको बोनश शेयर जारी गर्न स्वीकृत गर्ने ।

(२) वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्ध पत्रमा संशोधन गर्ने ।

(३) संचालकहरुको सेवा सुविधा पुनरावलोकन गर्ने वारे ।

(४) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

(५) अन्य इजाजतपत्र प्राप्त (घ) वर्गका वित्तीय संस्थासंग मर्जर (Merger) वा प्राप्ति (Acquisition) गर्न र गराउन उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(६) संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**ग. विविध**

**साधारण सभाको सन्दर्भमा शेयरधनी दर्ता किताब बन्द रहने सूचनाः**

मिति २०७८।०८।२३ गते वित्तीय संस्थाको दर्ता बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७८।०८।२२ गते सम्म कारोवार भई प्रचलित कानुन बमोजिम शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र साधारण सभामा अनलाइन (Zoom Cloud Meeting) को माध्यमबाट भर्च्युअल रुपमा भाग लिन सक्नेछन् तथा मतदान गर्न र लाभांश प्राप्त गर्न सक्नेछन् ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारणसभा सम्बन्धी सामान्य जानकारीः**

१.साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही खाता नं. (BOID) तथा परिचय खुल्ने फोटो सहितको कुनै प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्नेछ ।

२.वार्षिक साधारण सभा सम्बन्धी सञ्चालक समितिको प्रतिवेदन समेतका कागजातहरु निरिक्षण गर्न तथा प्रतिलिपि आवश्यक भएमा कार्यालय समय भित्र संस्थाको केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देही वा संस्थाको Website: www.swabhimaanmicrofinance.com बाट प्राप्त गर्न सकिने ब्यहोरा अनुरोध छ ।

३.सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिरी पुस्तिका दिनको ११:०० बजेदेखि सभा सम्पन्न नहुंदासम्म खुल्ला रहने छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) को कारण सभामा उपस्थित हुंदा भाईरस संक्रमणबाट बच्न तथा बचाउनका लागि आवश्यक पर्ने मास्क, पन्जा, लगाएतका न्यूनतम सुरक्षाका उपकरणहरु प्रयोग गर्न सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध छ । सभा स्थलमा उपस्थित हुने सम्पूर्ण शेयरधनीहरुलाई सयानिटाईजरको व्यवस्था गरी ज्वरो नापिनेछ र तोकिएको तापक्रम भित्र पर्ने शेयरधनीहरुलाई मात्र सभास्थलमा प्रवेश गर्न दिईनेछ । आफ्नो स्वास्थ्य अवस्था वा अन्य कुनै कारण सभा स्थलमा उपस्थित हुन असमर्थ शेयरधनीहरुले तोकिए बमोजिम प्रतिनिधि पत्र (प्रोक्सी) उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

४.साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम कम्पनीको केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देहीमा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधीभित्र संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको ब्यक्ति समेत संस्थाको शेयरधनी हुनु पर्नेछ ।

५.प्रतिनिधि नियुक्ति गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिई सकेको भएपनि त्यस्तो प्रोक्सी बदर हुनेछ ।

६.नावालक वा फरक किसिमले सक्षम शेयरधनीहरुज्युका तर्फबाट संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

७.यस वित्तीय संस्थाको संचालकमा उम्मेदवार हुनका लागि संस्थाको नियमावलीमा उल्लेख भए बमोजिम न्युनत्तम १०० कित्ता शेयर धारण गरेको र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बमोजिम योग्य भएको हुनु पर्नेछ ।

८.निर्वाचन सम्बन्धी कार्यत्रम ७ दिन अगाडी केन्द्रीय कार्यालय तिलोत्तमा-५, रुपन्देहीमा प्रकाशित गरिनेछ ।

९.अन्य थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देहीमा सम्पर्क गर्नुहुन अनुरोध छ ।